म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्षः१४ अङ्कः- २११ २०८० असार ११ गते सोमबार 26 June 2023, Monday - पृष्ठ ४ मूल्य रु. ५/-




# हेटौंडा सिमेन्ट उद्योग २० करोड घाटामा



समाज संवाददाता

हेटौंडाः सरकारले ९० करोड लगानी गरेर स्थापना भएको हेटौंडा सिमेन्ट उद्योग २० करोड घाटामा रहेको छ। आइतबार उद्योगले आयोजना गरेको उद्योगको वर्तमान अवस्था र चुनौतीबारे अन्तरक्रिया कार्यक्रममा उद्योगका महाप्रबन्धक बसन्तकुमार पाण्डेले उद्योग घाटामा रहेको जानकारी दिनुभयो।

हेटौंडा सिमेन्ट उद्योग वि.सं २०३३ सालमा शिलान्यास भई २०४२ सालबाट उत्पादन सुरु भएको पाण्डेले जानकारी गराउनुभयो। उद्योगको प्रतिदिन उत्पादनको क्षमता ७ सय ५० टन रहेकोमा अहिले क्षमताअनुसार उत्पादन भएको छैन । उद्योगमा कोइला र विद्युत धेरै खर्च हुने गरेको बताउँदै सिमेण्ट उत्पादनमा लागत धेरै पर्न जाने उहाँको भनाइ थियो।

पहिले कोइला प्रतिटन १७ हजार ३२५ रहेकोमा अहिले प्रतिटन २५ हजार ४०४ रहेकाले सिमेण्ट उत्पादन लागत बढेको उहाँले जानकारी दिनुभयो। उद्योग पूर्णरुपमा घाटामा रहेको बताउँदै अहिले उद्योग ३७-४० प्रतिशतमा मात्र सञ्चालनमा रहेको उहाँको भनाइ छ।

उद्योगलाई नाफामा लैजान क्षमताको कम्तिमा ७६ प्रतिशत उत्पादन हुनेगरी सञ्चालनमा ल्याउनुपर्ने उहाँलेब बताउनुभयो। आफू उद्योगको महाप्रबन्धक भएर आएपछि उत्पादनमा केही सुधार ल्याएको दाबी पाण्डेले गर्नुभयो । उद्योग पूर्णरुपमा घाटामा भएकाले सरकारबाट बजेट नआए चल्न नसक्ने अवस्थामा पुगेको उहाँको भनाइ छ । उद्योग सञ्चालनका लागि बजेट माग गर्दै १ अर्ब ६० करोडको प्रोजेक्टको फाइल मन्त्रालय पुऱ्याएकोसमेत उहाँले जानकारी दिनुभयो।

उद्योग घाटामा गएको र उपदान कोषमा रकम नभएकाले रिटायर्ड भएका कर्मचारीलाई समेत दिने पैसा नभएको महाप्रबन्धक पाण्डेले जानकारी गराउनुभयो। उद्योगमा ६५५ जनाको दरबन्दी रहेकोमा अहिले १९६ जना कर्मचारी कार्यरत रहेको पण्डेले बताउनुभयो । पछिल्लो समयमा उद्योगले आफ्नो जग्गा बिक्री गरेको भन्ने हल्लामात्र रहेको र सरकारको जग्गा सरकारलाई नै ह्याण्डओभर गर्न लागेको उहाँले बताउनुभयो। मन्त्रालयको सचिवस्तरीय बैठकको निर्णयबाट उद्योगले ५ विघा जग्गा नेपाल राष्ट्र बैङ्कलाई ह्याण्डओभर गर्न लागेको उहाँले बताउनुभयो।

उद्योगको माइनिङ एरियाअनुसार ८० देखि ९० वर्ष चल्नसक्ने अवस्था रहेको छ, तर अहिलेको अवस्था हेर्ने हो भने उद्योगको अवस्था नाजुक रहेको देखिन्छ । हेटौंडा सिमेण्ट उद्योगले ४ करोड लागानी गरेको जग्गाको मूल्य अहिले १५ अर्ब बराबर पुगेको बताउँदै उद्योगको स्रोत प्रशस्त रहेको उहाँको भनाइ छ।

अन्तरक्रिया कार्यक्रममा सहभागी रास्वपा केन्द्रीय सदस्य किशोर अर्यालले सरकारसँग माग गरेको १ अर्ब ६० करोड रुपैयाँ बजेट के के कामको लागि खर्च हुने हो भन्ने प्रश्नसमेत गर्नु भएको थियो । सरकारको स्वामित्वमा रहेको उद्योग विगतका दिनमा पनि उत्पादनमा प्राइभेट कम्पनीको भन्दा महँगो पर्ने गरेकोसमेत उहाँले जिज्ञासा राख्नुभयो।

सहभागीहरुले उद्योग नाफामुखी संस्था भएकाले सरकारको अनुदानबाट मात्र नभई आफ्नै स्रोतबाट चल्नुपर्ने धारणा राखेका थिए। उद्योगका लागि आवश्यक कोइलाको मूल्यवृद्धि भएको उद्योगले भन्दै गर्दा अरु प्राइभेट कम्पनीलाई पनि कोइलाको मूल्य बढ्ने भएकाले प्रतिस्पर्धामा काम गर्नुपर्ने बताएका थिए । उद्योगले समस्यामात्र देखाउने तर समाधानको उपाय खोजेर अगाडि बढ्न राजनैतिक दलले सुझाव दिएका थिए । अन्तरक्रिया कार्यक्रममा उद्योग सञ्चालक समिति, राजनैतिक दलका प्रतिनिधि, बागमतीको प्रदेशसभा सदस्य, सरोकारवाला निकायका व्यक्तिहरुको उपस्थिति रहेको थियो।

## प्रदेश युवा सम्मेलनको तयारी पूरा

# १५० युवाको सहभागिता रहने




*प्रदेश युवा सम्मेलनको तयारीबारे जानकारी दिनुहुँदै परिषद्का कार्यकारी उपाध्यक्ष सन्तोष चौलागाई (बीचमा) ।*

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश युवा परिषद्को आयोजनामा सोमबार र मंगलबार दुईदिन हुने प्रथम प्रदेश युवा सम्मेलनको तयारी पूरा भएको छ । आइतबार सम्मेलनस्थल एभोकाडो होटेलमा पत्रकार सम्मेलनको आयोजना गरेर प्रदेश युवा परिषद्का कार्यकारी उपाध्यक्ष सन्तोष चौलागाईले तयारी पूरा भएको जानकारी दिनुभएको छ।

सम्मेलनमा प्रदेशका १३ जिल्लाबाट समावेशी अवधारणाअनुसार १ सय ५० युवाको सहभागिता रहने कार्यकारी उपाध्यक्ष चौलागाईले जानकारी दिनुभयो। प्रदेशका १३ जिल्लाका जिल्ला युवा समितिमार्फत सिफारिस भई आएका ७५ जना, अनलाइनमार्फत आवेदन दिएका मध्ये ६० र १५ जना सरोकारवाला संघ, संस्था र सरोकारवाला निकायको सिफारिसमा छनोट भएका छन् । सम्मेलनमा सहभागी हुने युवा छनोटका क्रममा ७२ जना पुरुष, ४१ जना महिला र ३ जना लैंगिक तथा यौनिक अल्पसंख्यक छनोट भएको उहाँले बताउनुभयो।

"हामीले सहभागीको छनोटका क्रममा महिला, जनजाति, अल्पसंख्यक, सिमान्तकृत समूह, विद्यार्थी युवाको सहभागितालाई प्राथमिकतामा राखेर छनोट गरेका छौं", कार्यकारी उपाध्यक्ष चौलागाईले भन्नुभयो, "युवा पुस्तालाई मुलुक र समाजप्रति जिम्मेवार बनाउन, नवप्रवर्तन, उद्यमशीलता र उच्च व्यक्तित्व विकास गर्न प्रेरित गर्ने उद्देश्यले युवा सम्मेलनको आयोजना गरिएको हो। प्रथम पटक आयोजना हुन लागेको सम्मेलनमा युवा पुस्तालाई अभिमुखीकरण गर्न, अभिप्रेरित गर्न, सकारात्मक कार्यप्रति आकर्षित गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।"

सम्मेलनमा युवालाई अभिमुखीकरण र अभिप्रेरित गर्ने गरी ख्यातीप्राप्त व्यक्तित्व, सम्बन्धित क्षेत्रमा विज्ञता हासिल गरेका व्यक्तित्वलाई श्रोतव्यक्तिकोरुपमा सहभागी गराएइएको उहाँले बताउनुभएको छ । सम्मेलनमा सहभागी युवाले आफ्ना अनुभव, अपेक्षा र योजना प्रस्तुत गरेर श्रोतव्यक्तिसँग अन्तरक्रिया गर्नेछन् । दुईदिन हुने सम्मेलनमा ५ वटा महत्वपूर्ण सत्रको आयोजना गरिनेछ।

सम्मेलनको उद्घाटन सामाजिक विकास मन्त्री कुमारी मुक्तानले गर्नुहुनेछ भने समापन मुख्यमन्त्री शालिकराम जम्कट्टेलले समापन गर्नुहुनेछ। सम्मेलन आयोजनाका लागि १० लाख रुपैयाँ बजेट रहेको जानकारी दिनुहुँदै कार्यकारी उपाध्यक्ष चौलागाईले भन्नुभयो, "सम्मेलन आयोजनामा १५ लाख रुपैयाँ भन्दा बढी खर्च हुने देखिएको छ । त्यसका लागि मन्त्रालयले आवश्यक सहयोग हुने अपेक्षा गरेका छौं। हामीलाई हेटौंडा उपमहानगर पालिका र स्थानीय संघ, संस्थाले पनि साथ र सहयोग गरेका छन्।"

# कैलाश गाउँपालिकाको बजेट ४८ करोड ५९ लाख




समाज संवाददाता

हेटौंडाः मकवानपुरको कैलाश गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८०/८१ को बजेट सर्वसम्मत पारित भएको छ। आइतबार गाउँ सभाको बाह्रौं अधिवेशनमा पालिकाका उपाध्यक्ष बालकुमार मल्ल ठकुरीले आगामी आर्थिक वर्षका लागि प्रस्तुत गर्नुभएको बजेट सर्वसम्मत पारित भएको हो।

पालिकाले आगामी आर्थिक वर्षका लागि ४८ करोड ५९ लाख ७५ हजार ६८० रुपैयाँ बजेट ल्याएको छ। पालिकालाई संघीय सरकारबाट अनुदान मार्फत ३८ करोड २५ लाख १६ हजार ५११ रुपैयाँ र प्रदेशबाट ८ करोड ७२ लाख ५९ हजार १६९ रुपैयाँ प्राप्त भएको थियो। यसैगरी आन्तरिक राजश्व, घरजग्गा रजिष्ट्रेसन दस्तुर, दहत्तर बहत्तर कर र अल्या गरि १ करोड ६२ लाख आय रहेको छ।

पालिकाले शिक्षातर्फ ९७ लाख १३ हजार, स्वास्थ्यतर्फ २३ लाख ५० हजार, लैंगिक समानता तथा सामाजिक समावेशीकरणतर्फ २२ लाख, युवा तथा खेलकुद विकासतर्फ २५ लाख ५० हजार, खानेपानी तथा सरसफाइतर्फ ३० लाख, भाषा तथा संस्कृति प्रबर्द्धनका लागि १५ लाख बजेट विनियोजन गरेको छ । यसैगरी सडक तथा झोलुङ्गे पुल निर्माण गर्न ६ करोड ७९ लाख २२ हजार, भवन तथा शहरी विकासतर्फ १ करोड १३ लाख ७० हजार, विद्युततर्फ ३० लाख, विज्ञान, सूचना तथा सञ्चार प्रविधितर्फ १० लाख बजेट छुट्याइएको छ।

कृषि क्षेत्रको लागि ३६ लाख ४ हजार, पशुपंक्षीतर्फ ३० लाख ४१ हजार, घरेलु तथा लघु उद्योग ६ लाख, पर्यटन विकास तथा प्रबर्द्धनतर्फ ३० लाख, सहकारीतर्फ २ लाख, सिचाइतर्फ १४ लाख ५० हजार बजेट विनियोजन गरिएको छ । यसैगरी पालिकाले वातावरण तथा विपद् व्यवस्थापनमा ३५ लाख ५५ हजार र संस्थागत विकास, सेवा प्रवाह र सुशासनतर्फ ४१ लाख ५० हजार रुपैयाँ बजेट निर्धारण गरेको छ । गएको बर्ष पालिकाले ५१ करोड १५ लाख ९८ हजारको बजेट ल्याएको थियो । यो बर्ष गएको बर्षभन्दा करिब २ करोड ५६ लाख रूपैयाँ कम बजेट ल्याएको छ।

सीमित अन्तरसरकारी वित्तीय हस्तान्तरणवाट प्राप्त अनुदान र सामान्य आन्तरिक राजश्वको संयोजन र जनप्रतिनिधिको दृढ इच्छाशक्तिको कारण पनि जनआकांक्षा पूरा गर्ने खालका योजना तथा कार्यक्रमहरुतर्फ वजेटलाई डोर्याउने प्रयास भएको गाउँपालिकाका अध्यक्ष लोकबहादुर मुक्तानले बताउनुभयो। उहाँले कैलाश गाउँपालिकामा आन्तरिक र बाह्य पर्यटक भित्र्याई यस क्षेत्रमा पर्यटन बृद्धि गर्नका लागि लिक्चे, देखारी, कैलाश बैकुण्ठ, गुप्तेश्वरी गुफा, घैराङ डाँडा, रानीपोकरी जुरेथुम डाँडा जस्ता ठाउँहरुको पहिचान गरी उचित पूर्वाधारहरु निर्माण गर्ने लक्ष्य राखिएको उल्लेख गर्नुभयो।

# मकवानपुरगढीको नीति, कार्यक्रम तथा बजेट पेश

समाज संवाददाता

हेटौंडाः मकवानपुरको मकवानपुरगढी गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम र बजेट पेश भएको छ। आइतबार भएको गाउँसभामा पालिकाकी उपाध्यक्ष मानकुमारी पाखिन नेपालीले आगामी आर्थिक वर्षको नीति, कार्यक्रम तथा बजेट पेश गर्नुभएको हो।

उपाध्यक्ष पाखिनले ६२ करोड २ लाख ५६ हजार रुपैयाँको बजेट पेश गर्नुभएको छ । संघीय सरकार वित्तीय समानिकरण अनुदान ९ करोड ७४ लाख, प्रदेश सरकार वित्तीय समानिकरण अनुदान ८६ लाख रुपैयाँ गरी जम्मा वित्तीय समानिकरण अनुदान १० करोड ६० लाख रुपैयाँ प्राप्त भएको छ। संघीय सरकार सशर्त अनुदान (शिक्षा, स्वास्थ्य, कृषि, पशु, ऊर्जा, प्रधानमन्त्री रोजगार कार्यक्रम, लघुउद्यम कार्यक्रम, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण कार्यक्रमसहित) २३ करोड ९ लाख रुपैयाँ, प्रदेश सरकार सशर्त चालु अनुदान २ करोड २२ लाख ७८ हजार अनुमान गरिएको छ । पालिकाले व्ययतर्फ कुल बजेटको पुँजीगततर्फ ३२ करोड १९ लाख १२ हजार ८ सय ६४ रुपैयाँ र चालुतर्फ २९ करोड ८३ लाख ४३ हजार १ सय २६ रुपैयाँ रहेको छ। कूल व्यय अनुमानमध्ये आगामी आर्थिक वर्षका लागि कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चअन्तर्गत् ८ करोड रुपैयाँ विनियोजन गरिएको छ।

आर्थिक विकास क्षेत्रअन्तर्गत् ३ करोड ४८ लाख रुपैयाँ, पूर्वाधार विकास क्षेत्रमा २४ करोड ९६ लाख ५६ हजार रुपैयाँ विनियोजन गरेको छ । यस्तै, संस्थागत विकास, सेवाप्रवाह र सुशासनअन्तर्गत् ४८ लाख रुपैयाँ विनियोजन गरेको छ भने सामाजिक विकासमा २४ करोड २५ लाख रुपैयाँ बजेट विनियोजन गरेको छ । वन, वातावरण तथा विपद् व्यवस्थापनअन्तर्गत् ७५ लाख रकम विनियोजन गरिएको छ।

नीति तथा कार्यक्रमअन्तर्गत् आर्थिक विकासतर्फ किसान सूचीकरण र वर्गीकरण, पहिचानसहितको किसान परिचयपत्र वितरण गरिने भएको छ । संघीय सरकार र बागमती प्रदेश सरकारको समन्वयमा किसान परिचयपत्र वितरण गरिने भएको हो । पालिकामा खाद्यान्न, तरकारी तथा फलफूल बालीमा उत्पादनको आधारमा कृषकहरुलाई प्रोत्साहन अनुदान उपलब्ध गराइने भएको छ।

जमिन भाडामा लिई खेती गर्ने कृषकहरुलाई जमिन भाडाबापत प्रतिरोपनी दुई हजार रुपैयाँको दरले अनुदान उपलब्ध गराउने नीति ल्याइएको छ। यस्तै, नेपाल सरकारबाट अनुदान प्राप्त रासायनिक मल वितरण प्रणालीलाई व्यवस्थित बनाउन किसान मल कार्ड लागू गरिने भएको छ।

पालिकाले शिक्षातर्फ पालिकाभित्रका सामुदायिक विद्यालयमा अध्ययनरत विपन्न परिवारका छात्राहरुका लागि उपाध्यक्ष शैक्षिक छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिने भएको छ । यस्तै, प्राविधिक तथा उच्चशिक्षा अध्ययन गरिरहेका अति विपन्न, असहाय, टुहुरा, दलित, उत्पीडित, जेहेन्दार छात्र-छात्रालाई गाउँपालिकाले छात्रवृत्ति प्रदान गर्ने भएको छ। कक्षा १२ सम्मका विद्यार्थीलाई दिवा खाजा कार्यक्रममा समावेश गर्ने कार्यक्रमलाई निरन्तरता दिइने भएको छ।

स्वास्थ्यतर्फ ५ वर्षमुनिका सम्पूर्ण बालबालिकालाई तोकिएको समयमा लगाउनुपर्ने सबै खोपहरु प्रदान गरिने भएको छ। स्वास्थ्य संस्थामा सुरक्षित प्रसुति हुने हालको करिब ८० प्रतिशत दरलाई ९० प्रतिशत पुऱ्याउन गर्भवती महिलाको घर भेट साथै प्रसुति पूर्वतयारीका लागि स्वास्थ्य आमा समूहलाई परिचालन गरिने भएको छ।

पूर्वाधार क्षेत्रतर्फ शहीद वासुदेव मार्ग निर्माण कार्यलाई निरन्तरता दिने र 'शहीद रुद्र पाखिन मार्ग'लाई व्यवस्थित गर्न संघ र प्रदेश सरकारसँग बजेटको लागि आवश्यक पहल गरिने भएको छ। ऐतिहासिक स्थल मकवानपुरगढी दरबार सडकलाई यसै वर्ष पूर्णरुपमा स्ल्याब ढलान गर्ने र ढुङ्गेगढी जाने सडक पनि यसै वर्ष स्ल्याब ढलान गर्ने भएको छ।

खेलकुदतर्फ गाउँपालिकास्तरीय खेलकुद विकास समितिमार्फत् सबै युवा क्लबहरुलाई एकाकार गरी एकीकृत खेलकुद विकास कार्यक्रम सञ्चालन गरिने भएको छ। यस्तै, २ नम्बर वडास्थित कुर्ले दमारमा रहेको खेल मैदानलाई पालिकास्तरको रंगशालाको रुपमा विकास गर्न प्रदेश र संघीय सरकारसँग पहल गरिने भएको छ।

## सम्पादकीय

# फेरि चर्चामा सडक विस्तार

सडक डिभिजन हेटौंडाले आइतबार कान्तिपुर दैनिक पत्रिकामा महेन्द्र राजमार्गको सडक सीमाभित्रको अतिक्रमण हटाउन सूचना प्रकाशित गरेको छ । हरेक वर्षजस्तो प्रकाशन हुने गरेको यस्तो सूचना यसवर्ष पनि प्रकाशन भएपछि हेटौंडामा फेरि एकपटक राजमार्ग बिस्तारको चर्चा र बहस सुरु भएको छ । आइतबार सामाजिक सञ्जालहरुमा हेटौंडा बजार क्षेत्रको राष्ट्रिय राजमार्गका अतिक्रमण हटाउने बारेको अत्यन्त जरुरी सूचनाले बाक्लै स्थान पायो । सडक डिभिजनले आफ्नो कार्यक्षेत्रमा रहेका राष्ट्रिय राजमार्ग (महेन्द्र राजमार्ग)को हेटौंडा बजार क्षेत्रको दायाँबायाँ २५-२५ मिटर सडक अतिक्रमण गरी निर्मित घरटहरा हटाउन ३५ दिने सूचना प्रकाशित गरेको हो । हेटौंडा बजारक्षेत्र भएर महेन्द्र राजमार्ग र त्रिभुवन राजपथ गएको छ । यी दुई राजगमार्गको २५-२५ मिटर क्षेत्रमा रहेका घरटहरा भत्कने हो वा होइन भन्ने अन्यौलता हेटौंडाबासीका लागि वर्षौंदेखि चासो, चर्चा र प्रतीक्षाको विषय बनिरहेको छ ।

हेटौंडा बजार क्षेत्रमा १६-१६ मिटर राजमार्ग विस्तार गर्न स्थानीय घर जग्गा धनी तथा व्यवसायीको समूह संघीय र प्रदेश सरकारका विभिन्न मन्त्रालय धाइरहेको अवस्थामा सडक डिभिजन हेटौंडाले अतिक्रमण हटाउने सूचना जारी गरेपछि अन्यौलमा परेका छन् । राष्ट्रिय राजमार्गलाई राप्ती नदी किनारबाट बाइपास बनाएर लैजाने विकल्पसहित हेटौंडालाई मानवबस्ती घोषणा गरेर बजारक्षेत्रमा १६-१६ मिटरमात्र सडक विस्तार गर्न घरधनी तथा व्यवसायीहरु लविङ गरिरहेका छन् । हेटौंडा बजारका सडक सीमाभित्रका घरटहरा नभत्काई राजमार्गलाई नै बाइपास गरी अन्यत्रबाट लैजानुपर्ने माग अघि सारिरहेको अवस्थामा आइतबार प्रकाशित सूचनाले फेरि हेटौंडालाई तर इङ्गित बनाएको छ । नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सडक विभागअन्तर्गत्को संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय काठमाडौं मातहतको सडक डिभिजन हेटौंडाले महेन्द्र राजमार्गको हेटौंडा-१५, रातोमाटेदेखि बुद्धचोक हुँदै राप्ती पुलसम्म सडक सीमा सडक केन्द्रबाट २५/२५ मिटर काय भएको भन्दै अतिक्रमण हटाउन सूचना प्रकाशित गरेको हो ।

यसअघिका सूचनामा सडक डिभिजन हेटौंडाले आफ्नो कार्यक्षेत्र महेन्द्र राजमार्गको धन्सार पुल (बारा) देखि लोथर (मकवानपुर) सम्म तथा त्रिभुवन राजपथको वीरगञ्ज भन्सार (पर्सा) देखि दामेचौर (मकवानपुर) सम्मको राजमार्ग अतिक्रमण हटाउन सूचना प्रकाशन गर्ने गरेको थियो । आइतबार प्रकाशित सूचनामा सर्वोच्च अदालतको २०७८ पुस १९ गतेको फैसलाअनुसार महेन्द्र राजमार्गको हेटौंडा बजार क्षेत्रमा सडक सीमा २५/२५ गज (७५/७५ फिट) कायम भएको उल्लेख भएको हुँदा उक्त क्षेत्रभित्र बनेका स्थायी/अस्थायी घरटहरा तथा अन्य संरचना भत्काउन भनिएको छ । सडक सीमाभित्र घरटहरा निर्माण गर्न, नाली पुरेर प्रवेशमार्ग बनाउन, सडक संरचना भत्काउन, ढल तथा पानी सडक तथा सडक किनारको नालामा मिसाउन, कुनै प्रकारको स्वीकृतिबिना बनेका संरचना निर्माण गर्न सार्वजनिक सडक ऐन २०३१ ले निषेध गरेको सूचनामा उल्लेख छ ।

विगतमा धेरैपटक सूचना प्रकाशन भए पनि कार्यान्वयन नभएको अवस्थामा यसपटक सार्वजनिक भएको सूचनालाई सडक डिभिजनको नियमित कार्य ठान्नेहरु र सडक अतिक्रमण हट्छ भन्नेहरुबीच पुनः बहस सुरु भएको छ । सडक सार्वजनिक सम्पत्ति भएकाले राज्यले चाहेमा सडक सीमा अतिक्रमण हटाउन सक्छ । एसियाली विकास बैंक तथा विश्व बैंकको सहयोगमा पूर्वपश्चिम (महेन्द्र) राजमार्ग विस्तारको काम भइरहेको र यसको पथलैया-नारायणगढ खण्डको डीपीआर बनिरहेको अवस्थामा हेटौंडा बजार क्षेत्रको सडक विस्तार हुने आशा धेरैले गरेका छन् । बढ्दो जनघनत्व, सवारी चाप र प्रदेश राजधानी भएका कारण पनि हेटौंडा बजारक्षेत्रको सडक फराकिलो बन्नु अत्यावश्यक छ । हेटौंडा बजार क्षेत्रको सडक फराकिलो बनाउनुको विकल्प छैन । १६ मिटर, २५ गज वा २५ मिटरको विवादले सडक विस्तारलाई लम्ब्याउनु उचित हुँदैन । हेटौंडाको विकासका लागि बजार क्षेत्रका वास्तविक पीडित घरजग्गा धनीको लागि क्षतिपूर्ति र व्यवसायीको उचित व्यवस्थापन गरेर सडक विस्तार चाँडो गर्नु आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार १११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : उन्नतिका बाटाहरु बढ्दै जाने समयको योग छ ।
**वृष** : वृति विकासका अवसरहरु मिल्ने समय छ ।
**मिथुन** : मनमा शान्ति मिल्ने समय योग रहेको छ ।
**कर्कट** : व्यापार– व्यवसाय मध्यमकारक रहने समय छ ।
**सिंह** : धार्मिक तिर्थस्थलको भ्रमण हुने समयको योग छ ।
**कन्या** : शत्रु बढ्ने र दुष्कर्ममा मन जाने समयको योग छ ।
**तुला** : आर्थिक वृद्धि र मान सम्मान प्राप्त योग छ ।
**वृश्चिक** : यश कीर्ति बढ्ने र अर्थ लाभ प्राप्त ।
**धनु** : नयाँ कामको थालनी हुने समय योग छ ।
**मकर** : झुट्टा आरोपहरुबाट बच्दा राम्रो होला ।
**कुम्भ** : सामाजिक काममा धेरै समय बित्ने समयको योग छ ।
**मीन** : नयाँ आम्दानीका बाटाहरु बढ्ने समय छ ।

# विपतको कमजोर पूर्वतयारी



अच्युतप्रसाद पौडेल 'चिन्तन'

हामी नदीकिनारा छेउछाउ नै बस्ती बसाल्न तँछाडमछाड गर्छौं र पछि पछुतो गर्छौं । जेठको अन्तिममा मनसुन भित्रिने र सय दिन रहने भविष्यवाणि गरिरहँदा हाम्रो विपद् न्यूनीकरण प्राधिकरणले सधैंजसो भन्ने गरेको भनाइ प्रक्षेपण गर्दै यस वर्ष साँढे १२ लाख मानिस प्रताडित हुँदा २ लाख ८६ हजार ९ सय ९८ घरधुरी प्रभावित हुनेछन् भन्दै थियो । नभन्दै यस वर्षको मौसम भित्रियो भित्रिएन, अनिश्चय हुँदै असार २ को एकै रातमा ताप्लेजुङ, पाँचथर, भोजपुर, संखुवासभा आसपास ठूलो धनजनको क्षति भएको छ र पूर्वाधारको लगानीभन्दा बढीलाई एकैपल्ट बगाएको छ ।

हो, विपत्ति ढोलक बजाएर आउँदैन, तर सावधानी के गरेका छौँ त्यो महत्वपूर्ण विषय हो । संसद्मा पनि होहल्लाको कमी त छैन, तर 'सबै रानी को भर्ने पँधेराको पानी' नेपाली उखान चरितार्थ हुँदै छ, सबैले दिने अर्ती र उपदेश, उदाहरण आफू कोही नबन्ने र त राष्ट्रिय गौरवका आयोजनाहरूको तमाम बजेट कटौती गरेर झिल्केमिल्के नेताहरू जसले दशकौंदेखि ढुकुटी लिएर बसे, उनकै चुनाव क्षेत्रमा आउने वर्षमा पनि ओइरो लागेको छ । भातभान्सामा भ्याट लगाएर बजार लाई तेब्बर गराउन उद्यत नेतृत्व जताजता गयो उतै राजाले सपना बाँडेजस्तै सपना बाँड्दै हिँडेको छ । देशको पूर्वी भेगमा परेको विपत्तिलाई पहिलो प्राथमिकता दिने भन्ने सरकार मेलम्चीमा पुगेर पनि थप सपना बाँड्दै छ, तर घरका धारामा भने पानी चुहिएको छैन ।

हो, मनसुन सुरु भयो तर सबैको सातो उडेको छ, काठमाडौं पनि डुबेको हो यसअघि, काठमाडौं पनि सुरक्षित छैन । अतीतमा देशैभरि कैयन् मानिसको हताहत र धनमाल नोक्सान भएकै हो । मनसुन सकियो भनिरहँदा, महँगीको मारमा परेर जसोतसो दसैं मानिरहँदा मूल दसैंमा अर्को बज्रपात पनि परेकै हो, आकाश गड्याङ्ग गर्दा मेलम्चीको पाइप बन्द पनि भएकै हो, कस्तो संरचना तय गर्ने हाम्रो प्राविधिक, त्यो पनि वर्षौं लगाएर । मनसुन सकिँदा कात्तिक आरम्भसँगै किसानका धानबाली मात्रै डुबेनन्, दर्जनौं हताहत भएका हुन् नेपालीहरू, विगतमा । यो नियति नेपालीको भूकम्प, कोरोनाभन्दा कमको छैन ।

सार्वजनिक सवारी साधन दुर्घटना भइरहन्छन् सधैँ । हामीलाई प्राकृतिक विपत्ति त छँदै छ, मानवनिर्मित र असावधानीका कारण हुने विपत्ति पनि सहिनसक्नु नै छ । सरकारले बोलीमा दुर्घटनाको उपचार गराइदिने भनेको छ भने नोक्सान भएका बालीको क्षतिपूर्तिका कुरा पनि गरेको छ, तर स्वास्थ्य बिमाकै सुविधा पाएको अवस्था छैन, क्षतिपूर्तिको काम कसरी होला । आर्यघाटमा गइसकेको निर्वाचन क्षेत्र विकास कार्यक्रमलाई राखिएको बजेट, राहत र उद्धारका लागि तान्नुपर्छ कि अथवा अबको चार वर्षमा यो राजनीतिक प्रणालीलाई मसानघाटमा लग्नुपर्छ भन्दै उदाइरहेका शक्तिहरूलाई मुखबुझो लाउनुपर्छ त ?

अथवा आजसम्म भएका नेता उपचारको खर्च सबै सार्वजनिक गरेर त्यो खर्च उद्योग स्थापनामा लगाई श्रमको विदेश पलायान, व्यापारघाटालाई रोक्नुपर्छ कि ? देश टन्न ऋणले किचिएकाले ऋणमुक्ति गर्न शंखधर साख्वालाई पुनर्जीवन दिनुपर्छ कि ? देशमा पोस्ट मौसमको समय भनेको १५ असोजदेखि १५ मंसिर हो, यतिबेला औसत ९० मिमि पानी पर्नुपर्ने हो । १६ मंसिरदेखि १५ फागुनको समय हिउँद हो, यो समयमा ६०.९ मिमि पानी पर्नुपर्ने हो, मार्च भनेको प्रि-मौसमको समय हो, यतिबेला हावाहुरी, आगलागी, चट्याङका समस्या धेरै हुने गरेका छन्, सावधानी के भयो त ? वा विदेशमा जस्तै नक्कली वर्षा गराउन सकिन्छ कि वा वर्षामा खेर जाने पानीलाई सञ्चित गरी हिउँदलाई सापटीमा राख्ने कुनै योजना तय भयो कि ? होइन, बरु राजनीतिमा सबै समय सबैलाई व्यस्त गराइयो, प्रशासनदेखि प्राविधिकसम्मलाई, विद्यार्थीदेखि वृद्धसम्मलाई, भनौं हरेकलाई ।

बर्सेनि बाढीपहिरोबाट अर्बौंको क्षति हुने गरेको छ भने हजारौं हताहत हुने गरेका छन्, यसको स्थायी समाधान किन हुँदैन ? विकासको मोडलमा परिवर्तन किन हुन्न र असारे माटो खन्ने, हल्लाउने, भत्काउने डोजरे विकास किन हुन्छ ? अथवा केवल सैद्धान्तिक कुरा गरेर नेपाल विश्वमा बाढीपहिरोको जोखिममा तीसौं स्थानमा छ भनेर मात्रै पुग्ला ? देशैभरिको जनजीवन सधैं कष्टकर छ किन नभन्ने ? हेलिकप्टरको सयरले सायद देशको यथार्थ अवस्था नआउला, अभिभावक भनिएको सरकारी संयन्त्र किन चनाखो नभएको ? समग्र कृषिक्षेत्र तहसनहस छ र सबै थरी खाद्यान्न विदेशबाट आयात हुन्छ । यहाँ मनसुनमा छ खेती प्रणाली, जसरी राजनीतिक भनसुनमा छ देश । धान रोप्ने बेला छ अहिले तर खेत बग्ने, मल नपाउने हाम्रो नियति आजको मात्रै हो र ? वसन्त, ग्रीष्ममा हुने गरेको हावाहुरी, आगजनी, चट्याङ, डढेलोको कुरा गर्दा पनि त मन चसक्क हुन्छ नि !

हो, मुलुक मनसुनी वर्षाले धानेको छ । हिमाली र पहाडी क्षेत्रको जमिन भिरालो छ । यहाँको भूबनोट प्राकृतिक विपत्तिका लागि सहयोगी छ, कमजोर भौगोलिक स्थिति छ, जल उत्पन्न प्रकोपहरू बर्सेनि हुने गरेका छन् । बाढी, पहिरो, हावाहुरी, चट्याङ र आगलागी तथा सवारी दुर्घटनाहरूले मुलुकलाई आक्रान्त पारेको छ । हामीसँग विश्वव्यापी जलवायु परिवर्तन र प्रकोप व्यवस्थापनको दक्षता, सीप र क्षमता पनि त छैन । मौसम पूर्वानुमानको संस्था नाममात्रको छ, जनता नै सचेत छैनन्, बर्सेनि भूक्षय, बाढीपहिरोले उर्वर मलिलो माटो दक्षिणतिर बगेको छ र पानीको धनी देश भएर पनि जीवन काकाकुलको छ हाम्रो, त्यसको उपयोग छैन, बरु बेच्नलाई अनेकौं सम्झौता गर्न सक्छौं हामी, कोसी, गण्डक, महकाली सम्झौता के भएन हाम्रो ? पानीबाटै पश्चिमी घाम हेर्न पनि लालायित भयौं, राजनीतिक खेलाडीहरूको सपना चकनाचुर भइसकेको छ अहिले ।

काठमाडौं काकाकुल हुने, वर्षामा हिलो, मैलो, हिउँदमा धूलो, धूवाँ नेपाल र नेपालीको मौलिकता बनाइएको छ यहाँ । नदी धारको परिवर्तन, सप्तकोसीजस्ता ठूला नदीहरुले बस्ती उजाड गरिरहेको अवस्था, डुबान र प्रकोपबाट मानव बस्ती उजाड भइरहेको र खेतीयोग्य जमिनको संरक्षण गर्न नसक्दा, सिँचाइको समुचित प्रयोग गर्न नसक्दा अनाज अरूले दिनुपर्ने अवस्था छ हाम्रो । प्रकोप न्यूनीकरण र समयमै उद्धार कार्यलाई तीव्रता दिन सकिएन, को कसको कुन दलको भनेर चिनाउनुपरेको छ । राजनीतिमा दल बलियो पार्न सबैलाई प्रशिक्षण दिइन्छ, देश बलियो पार्न प्रशिक्षण किन हुँदैन, के विपत्का घटना भनेका आयस्रोतका माध्यम हुन् कि ? विगतमा राहत र उद्धारमा दलकै मानिस हुनुपर्ने मान्यताले प्रश्रय पाएकै हो, कोरोनाकालमा पनि । हरित प्रविधिको प्रयोग, नदी नियन्त्रण, बाढीपहिरो व्यवस्थापन, नदी बेसिन विस्तारका कार्यक्रम र अवधारणामा यति हलुका सोच किन ? आधुनिक र स्वचालित जल तथा मौसम मापन उपकरण एवं प्रणालीहरूको जडान गर्ने लक्ष्य मात्र लिइयो, तर काम किन भएन ? खोजी भएन ।

हो, हाम्रो मुलुक विपद्को उच्च जोखिममा छ । बर्सेनि हुने गरेको ठूलो धनजनको क्षतिले यसलाई पुष्टि गरेकै छ । भूकम्प, अतिवृष्टि, अनावृष्टि, बाढीपहिरो अनि हावाहुरीलगायत आगजानीको चपेटाले मुलुक आक्रान्त छ । चट्याङ, खडेरी, महामारी मात्रै होइन, शीतलहर र हिमपात विस्फोटको सम्भावनाले पनि देशलाई आक्रान्त बनाएकै हो । हैजा र बर्डफ्लु, स्वाइनफ्लुका घटनाले पनि जीवन धराशायी भएको हो । यसका लागि तीन तहका सरकार के गर्छन् ? आपत्कालीन गोदामघरको स्थापना, मानवीय सहायता कक्षको स्थापना, क्षेत्रीय आपत्कालीन कार्य सञ्चालन केन्द्र, जिल्ला आपत्कालीन कार्य सञ्चालन किन चुस्त हुन्नन् ? सुरक्षा निकाय के गर्छन् ? भौगोलिक अवस्था असहज छ मात्रै भनेर पुग्ला त ? राहत र आपत् उद्धारका कार्यलाई तीव्र बनाउनुपर्यो । बाटोघाटो दयनीय किन, पुलै बगायो, बस्ती सखाप भएकै हो पहिले पनि, गाउँबस्ती पूरै डुबानमा पर्दा सवारी आवत-जावत गराउन नसकिएको अवस्था उस्तै छ त । विपद् जोखिम न्यूनीकरण गर्न, खोज र उद्धार कार्यलाई मानवीय संवेदनशीलता बुझेर सुझबुझसाथ अगाडि बढ्नुपर्ने हो, सरकारी संयन्त्र भरपर्दो र चुस्त हुनुपर्ने हो ।

मुलुकमा विपद्का कारण हुने असर र प्रभावको वैज्ञानिक अनुसन्धान हुन जरुरी छ । भौतिक विकासको स्वरूप तय गर्दा पछि पर्न सक्ने वातावरणीय असर सम्भावना, चुनौती सबै अध्ययन र अनुसन्धान जरुरी छ । विकासको नाममा जथाभावी डोजर आतंक गरिनु भएन, माटोको अवस्था नहेरी ठूला भवनहरू निर्माण गर्नु भएन । विकास भनेको सहरीकरण मात्रै होइन, मानवीय सहजीकरण पनि हो । राजधानीकै सडक र अव्यवस्थित बस्ती हेर्दा देशमा प्राविधिक योजना शून्य छ भन्नुपर्छ । दुई-चार घण्टाको अविरल वर्षाले विकसित भनिएको काठमाडौं उपत्यका एकै क्षणमा कुरूप भैहाल्छ, बस्ती सुरक्षित छैन ।

दमकल, पानीको गाडी नपुग्ने टोल, बस्ती राजधानीमा धेरै छन् । दुर्गम क्षेत्र कस्तो होला ? पीडितको सही पहिचान, पीडितलाई तत्काल राहत र पुनर्स्थापनासम्बन्धी कार्यमा एकरूपता भएन, संघ-संस्थाहरुबीच समन्वयको अभाव रह्यो, जतातत‍ै राजनीतीकरण भयो, निमुखाले सहारा पाएनन् । विपद् हाम्रो सदाको नियति हो भने हामीले विपद्लाई विकाससँग जोड्न सक्नुपर्छ । दुई रूख ढले पनि चार रूख थप्ने, दुई घर ढले भने चार घर निर्माण गर्ने नीति तय हुनु जरुरी छ ।

अतः मानवीय क्षति अपूरणीय क्षति हुने यसलाई हचुवाको भरमा लिन मिल्दैन । सबै प्रकारका विपद्को प्रभावकारी व्यवस्थापनबाट उत्थान गर्ने मुलुकको रुपमा देशको विकास गर्ने सरकारी रणनीति कागजमा सीमित गर्नु भएन ।

*(स्रोतः कारोबारदैनिक)*

# नागरिक निराशा आक्रोशमा नबदलियोस्



पंकज कुमार

देशको अवस्था अवगत नै छ । पूर्वाधार तथा विकासमा गर्व गर्ने ठाउँ नै छैन । देशको अर्थतन्त्र जानेमानेका अर्थविद् र जानकारका विश्लेषण सुनिरहेकै छौं । संभावित आर्थिक संकटको हल्ला चलेकै छ ।

अराजकता छ । अस्थिरता छ । महँगीले आकाश छुन खोजिरहेको छ । न देशमा सरकार छ न त जनताले गर्व गर्ने ठाउँ नै । देशको युवा खाडीमा, बा-आमा उपचारार्थ अस्पतालमा । श्रीमती, बा र आमा तथा छोराछोरीको दैनिकी प्रत्येक दिन संघर्षमा अल्झेको देखिन्छ ।

आम मध्यमवर्गीय परिवारको जीवन पनि अप्ठ्यारोमा छ । घरभाडा १० हजार, दुई छोरा/छोरीको स्कुल फी १० हजार, भान्सा २० हजार (४ जनाको परिवार), लुगाफाटा, यातायात तथा विविध खर्च १० हजार । समग्रमा चार जना परिवारको न्यूनतम खर्च ५० हजारले पनि नपुग्ने देखिन्छ ।

दुःख-सुख गरेर एउटा मध्यम वर्गीय परिवारले थोरै जग्गा/जमिन र घरको बारेमा सोचेर बैंक तथा वित्तीय संस्थामा पुग्छ । अनि हामी ठगिने क्रम सुरु हुन्छ । बैंकले मनलाग्दी ऋणको ब्याजदर बदलिर हन्छन् । जनता ऋणमा डुब्न सुरु हुन्छ । ग्राहकको खाताबाट मनलाग्दी रकम काट्छन् । कतिपय अवस्थामा ग्राहकले आत्महत्या गर्नुपर्ने स्थिति बन्छ ।

कानुनी मान्यता प्राप्त सुदखोरलाई कारबाही गर्ने राज्ययन्त्रको न इच्छा छ न प्रतिबद्धता नै । त्यसैले ग्राहक स्वयंले बैंकिङ कारोबारको रेकर्ड राख्नुपर्छ ।

स्वास्थ्य क्षेत्र त्यस्तै छ । नेपाल सरकारको स्वामित्वमा रहेको अस्पतालमा भर्ना पाउन मुस्किल छ । निजी अस्पताल गरिब उत्पादन गर्ने कारखाना जस्ता छन् । तैपनि ऋण काढेर निजी अस्पताल जानुको विकल्प छैन । जीवनको माया लाग्छ, के गर्नु ? यहाँ पनि सरकारको कुनै ठोस कदम चालेको देखिंदैन ।

शिक्षा क्षेत्रको लुटतन्त्रको कुरै नगरौं । समाजवाद उन्मुख देश । शिक्षा र स्वास्थ्यमा निजी क्षेत्रको बेरोकतोक लगानी छ । नाफाको लागि जे पनि गरिन्छ । संघीयता आएको छ । स्थानीय सरकारहरु छन् तर निजी शिक्षालयको ब्रह्मलुट रोक्न भूमिका खेल्न सकेका छैनन् ।

प्रमुख पूर्वाधार विकासका कुरा गरौं । सडक (रिङरोड, हुलाकी सडक, बस्ती सडक इत्यादि), खानेपानी, विद्युत्, टेलिफोन तथा इन्टरनेटको कुरा गरौं । सेवा प्रदायक तथा ठूला ठेकेदार भनाउँदाहरुले केही प्लानिङ नै नगरी पूर्वाधार विकासको अन्धाधुन्ध पैसा सिध्याउने गरेको देखिन्छ ।

बस्तीको सडक विस्तारको योजना त्यस्तै छ । ढल नराखी पिच गर्छन् । ढल राख्न पिच फोर्छन् । महिनौं सडक हिलाम्मे धुलाम्मे हुन्छ । बल्लतल्ल बनायो फेरि खानेपानीको पाइप गाड्ने काम । अलि पछि विद्युत् प्राधिकरण । अलि पछि के के । समन्वय गर्ने निकाय छैन ? बनाउने, भत्काउने फेरि बनाउनेको अन्त्यहीन श्रृंखलाभित्र टेन्डर र कमिसनको चक्कर अब नयाँ खुलासा गर्नुपर्ने विषय नै रहेन ।

ठूल्ठूला जलविद्युत् परियोजना र ब्लू ऊर्जाको विकासमा पनि सरकारी विकासे अवधारणा फितलो देखिन्छ । हालसालै तराई मधेशका २३ जिल्ला घुम्ने मौका पाएँ । मैले गुइँठा (क्याटल डङ इनर्जी सोर्सेस) धेरै भान्सामा अझै पनि खाना पकाउने ऊर्जाको मुख्य स्रोत रहेको देखें ।

केही वर्षदेखि संघीय सरकारले ऊर्जाको बढ्दो उत्पादनका कारण आन्तरिक ऊर्जा खपत बढाऊ भन्ने नारा लगाएको सुनिरहेका छौं । तर सरकार नै यसलाई नारामा सीमित राख्न चाहन्छ । ऊर्जा

...बाँकी पृष्ठ ३ मा

# ६ महानगरको बजेटः शहरी पूर्वाधारलाई प्राथमिकता

काठमाडौं: देशका ६ वटै महानगरपालिकाहरुको आगामी आर्थिक वर्ष (आव) २०८०/०८१ को बजेट सार्वजनिक भएको छ। गत ६ असारमा वीरगञ्ज महानगरपालिकाले बजेट ल्याएको थियो भने अन्य ५ वटा महानगरले आइतबार बजेट ल्याएका हुन्।

६ वटै महानगरपालिकाले ल्याएको कुल बजेट ५१ अर्ब ९९ करोड रुपैयाँ छ। महानगरपालिकाहरुले ल्याएको बजेटमा शहरी पूर्वाधारलाई प्राथमिकता दिएको देखिन्छ।

काठमाडौं महानगरपालिकाले आगामी आर्थिक वर्ष २०८०/०८१ को बजेटमा शहरी सौन्दर्यको पूर्वाधारलाई प्राथमिकता दिएको छ। महानगरपालिकाकी उपप्रमुख सुनिता डंगोलले प्रस्तुत गरेको बजेटमा ठूलो रकम शहरी सौन्दर्यका पूर्वाधारमा छुट्याइएको हो।

महानगरले आगामी आवका लागि २५ अर्ब ५४ करोड ७८ लाख २० हजार को बजेट ल्याएको छ। चालुतर्फ ८ अर्ब ६१ करोड ५३ लाख अर्थात् ३३.७२ प्रतिशत र पुँजीगततर्फ १६ अर्ब ९३ करोड २४ लाख अर्थात् ६६.२८ प्रतिशत बजेट ल्याएको हो।

पोखरा महानगरपालिकाले आगामी आर्थिक वर्षका लागि सवा ७ अर्बको बजेट ल्याएको छ। पोखरा महानगरको १३ औं नगरसभामा उपप्रमुख मञ्जुदेवी गुरुङले ७ अर्ब १५ करोड रुपैयाँको बजेट प्रस्तुत गरेकी हुन्। यो चालु आर्थिक वर्षभन्दा करिब डेड अर्ब रुपैयाँ कम बजेट हो। चालु आर्थिक वर्षमा पोखरा महानगरले ८ अर्ब ७७ करोड रुपैयाँको बजेट ल्याएको थियो।

उपप्रमुख गुरुङले बजेट प्रस्तुत गर्दै संघीय अनुदानबाट २ अर्ब ७६ करोड, प्रदेश सरकारबाट अनुदान १० करोड २३ लाख, आन्तरिक आयबाट २ अर्ब २७ करोड व्यहोर्ने जानकारी दिइन्। महानगरले सबैभन्दा बढी पूर्वाधारतर्फ २ अर्ब, प्रशासनिक खर्चतर्फ ८१ करोड २२ लाख, सामाजिक विकासतर्फ ६ करोड ५० लाख, आर्थिक विकासतर्फ १० करोड, वडा कार्यालयतर्फ ७२ करोड, पर्यटन तथा सहरी विकास तथा वातावरणतर्फ ७० करोड बजेट विनियोजन गरेको छ।

ललितपुर महानगरपालिकाले ६ अर्ब ५० करोड ५ लाख ८८ हजारको बजेट ल्याएको छ। महागरपालिकाकी उपप्रमुख मञ्जिला शाक्यले प्रस्तुत गरेको बजेटमा पुँजीगततर्फ ४ अर्ब २१ लाख ४६ हजार र चालुतर्फ २ अर्ब ४९ करोड ८४ लाखको बजेट आएको हो। ललितपुरले सडक पूर्वाधार, सम्पदा संरक्षण, एक वडा एक उद्यान, एक घर एक बोट, स्मार्ट स्ट्रिट लाइट, प्रत्येक वडामा सार्वजनिक शौचालय, अपांगमैत्री फुटपाथलगायत विषयलाई प्राथमिकतामा राखेको छ।

चितवनको भरतपुर महानगर पालिकाले आगामी आर्थिक वर्ष २०८०/०८१ का लागि ६ अर्ब ३१ करोड ७९ लाख ९० हजार रुपैयाँको बजेट पेश गरेको छ। महानगरका उपप्रमुख चित्रसेन अधिकारीले पेश गरेको बजेटको स्रोतमा आन्तरिक आय १ अर्ब ७५ करोड, संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदान १ अर्ब ८३ करोड ९९ लाख ७५ हजार, राजश्व बाँडफाँडबाट ५४ करोड ८० लाख १५ हजार, जनसहभागिताबाट ५० करोड, बैंक मौज्दात १ अर्ब ६५ करोड, सडक बोर्ड नेपालबाट आउने ३ करोड रहेको छ। भरतपुर महानगरपालिकाले शहरी पूर्वाधार, अधुरो योजनाको निरन्तरता, भू-उपयोग तथा बस्ती विकास, स्वास्थ्य, शिक्षालाई प्राथमिकता दिएको छ।

विराटनगर महानगरपालिकाले ३ अर्ब २८ करोड ५० लाख रुपैयाँको बजेट ल्याएको छ। महानगरकी उपप्रमुख शिल्पा निरला कार्कीले प्रस्तुत गरेको बजेट वक्तव्यमा चालुतर्फ १ अर्ब ५१ करोड ८३ लाख २५ हजार रुपैयाँ र पुँजीगततर्फ १ अर्ब ७१ करोड ६६ लाख ७५ हजार रुपैयाँ विनियोजन गरिएको छ। महानगर पालिकाले वित्तीय व्यवस्थापनतर्फ ५ करोड रुपैयाँ विनियोजन गरेको छ। महानगरपालिकाले चालु आवका लागि ४ अर्ब १७ करोड ९ लाख ९८ हजार रुपैयाँको बजेट ल्याएको थियो।

महानगरले आगामी आर्थिक वर्षका लागि प्रशासनिक खर्चमात्रै ६८ करोड रुपैयाँ विनियोजन गरेको छ। महानगरले १९ वटा वडाका वडास्तरीय आयोजनाका लागि ३८ करोड रुपैयाँ विनियोजन गरेको छ। नगरस्तरीय आयोजनाका लागि २० करोड, बहुवर्षीय, गौरवका आयोजना र क्रमागत भुक्तानीका लागि ६५ करोड रुपैयाँ विनियोजन गरेको छ।

वीरगञ्ज महानगरपालिकाले आगामी आर्थिक वर्ष २०८०/०८१ को लागि ३ अर्ब २१ करोड ३५ लाख ४४ हजार रुपैयाँको बजेट ल्याएको छ। ६ असारमा आएको बजेट चालु आर्थिक वर्ष २०७९/०८० को तुलनामा १ अर्ब २३ करोड कम हो। वीरगञ्ज महानगरले चालु आव २०७९/८० मा कुल ४ अर्ब ४४ करोड ३४ लाख ४ हजार बजेट विनियोजन गरेको थियो।

महानगरका उपप्रमुख इम्तियाज आलमले बुधबार पेश गरेको बजेटमध्ये चालुतर्फ २ अर्ब ४८ करोड ८५ लाख ५ हजार अर्थात् ७७ प्रतिशत र पुँजीगततर्फ ६८ करोड ८७ लाख १५ हजार अर्थात् २२ प्रतिशत र वित्तीय व्यवस्थातर्फ ३ करोड ६३ लाख २४ हजार रुपैयाँ अर्थात् १ प्रतिशत रहेको छ। महानगरले शिक्षा, स्वास्थ्य, सरसफाई र वातावरण संरक्षणमा प्राथमिकता दिएको छ। यस्तै महानगरले डिजिटल सेवा प्रवाह पनि आफ्नो प्राथमिकतामा राखेको छ।

*(स्रोत: अनलाइनखबर)*

# नागरिक निराशा...

खपत रणनीति प्रभावकारी रुपमा कार्यान्वयन गर्न सके देशको अर्थतन्त्रमा ठूलो टेवा पुग्ने थियो।

हुन त तथ्यांकमा नेपालमा एलपीजीको कुल आयात घटेको देखिन्छ। जलविद्युत् आयोजनाबाट ऊर्जा निर्यात गरेर देशले पैसा कमाएको पनि देखिन्छ। तर अझै पनि नेपाल सरकारले विद्युत् निर्यातको पूर्वाधार विकास पर्याप्त गर्न सकेको छैन। तसर्थ गर्मी/सुख्खा समयमा ऊर्जाका लागि भारतकै भर पर्नुपर्ने अवस्था उस्तै छ।

सामान्य नेपालीको भान्साको कुरा गरौं। सामान्य नागरिकले सीधै लाभ पाउने ठाउँ हो भान्सा। हालसालै दूधको मूल्य ८३ बाट ९७ पुऱ्याइयो। अन्य खाद्यवस्तुको महँगी उस्तै छ।

सरकार र राजनीतिक दलहरुले घोषणापत्र मार्फत देखाएको प्रतिबद्धता जनताले जीवन व्यवहारमा कहिले अनुभूति गर्न पाउने? सुशासनको नारा रटेको छ तर व्यवहारमा भ्रष्टाचार मौलाइरहेको छ। नागरिक सरकारका उच्च पदस्थहरूबाटै बिक्रीमा राखिएका छन्। कर्मचारीतन्त्र नागरिकमैत्री छैन।

हेर्दाहेर्दै बहुदल आएकै ३४ वर्ष पूरा भइसक्यो। लोकतन्त्रको प्रतिफल नागरिकले कहिले पाउने हो? यो लोकतन्त्र कसलाई आएको छ। नागरिक कष्टकर जीवन बिताइरहेका छन्। लाखौं युवा विदेशमा छन्। नागरिकको टाउकोमा ऋणभार बढिरहेको छ।

अति भएपछि खति हुन्छ। बेलैमा नसच्चिए नागरिकको वितृष्णा र आक्रोशको शिकार हुनुपर्ला। सबैले बेलैमा सोचून्। आफूलाई बदलून्।

पेशाले इन्जिनियर लेखक ऊर्जा तथा पूर्वाधारमा रुचि राख्छन्।

*(स्रोत: अनलाईनखबर)*

# भीमफेदीको बजेट ६८ करोड ५५ लाख

समाज संवाददाता

हेटौंडाः भीमफेदी गाउँपालिकाले आगामी आर्थिक वर्षका लागि ६८ करोड ५५ लाख रुपैयाँको बजेट सार्वजनिक गरेको छ। आगामी आर्थिक वर्ष २०८०/०८१ का गाउँपालिकाले आइतबार ६८ करोड ५४ लाख ९९ हजार रुपैयाँको बजेट सार्वजनिक गरेको हो।

गाउँपालिकाका उपाध्यक्ष सञ्जीव श्रेष्ठले गाउँसभा बैठकमा आगामी आर्थिक वर्षका लागि चालुतर्फ ३३ करोड २० लाख र पुँजीगततर्फ ३५ करोड २४ लाख ९९ हजार रुपैयाँ बजेट प्रस्तुत गर्नुभयो।

गाउँपालिकाले आगामी आर्थिक वर्षका लागि सबैभन्दा बढी बजेट पूर्वाधार विकासमा छुट्याएको छ। पालिकाले पूर्वाधार विकासका लागि २४ करोड ८८ लाख रुपैयाँ विनियोजन गरेको सार्वजनिक बजेट वक्तव्यमा जनाइएको छ। यस्तै, गाउँपालिकाले सामाजिक क्षेत्रमा पनि २४ करोड ३९ लाख रुपैयाँ बजेट विनियोजन गरेको छ।

गाउँपालिकाको आर्थिक विकासमा ६ करोड ८२ लाख, सुशासन तथा अन्तर सम्बन्धमा १ करोड ८० लाख तथा वन, वातावरण एवम् विपद् व्यवस्थापनका लागि १ करोड ८५ लाख रुपैयाँ बजेट विनियोजन गरेको छ। कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चका लागि ९ करोड रुपैयाँ बजेट विनियोजन गरेको उपाध्यक्ष श्रेष्ठले बताउनुभयो।

पालिकाले आगामी आर्थिक वर्षको बजेटको खर्च व्यहोर्ने स्रोतमा संघीय सरकारबाट प्राप्त अनुदान ३४ करोड ३२ लाख तथा प्रदेश सरकारबाट प्राप्त ६ करोड ६७ लाख रुपैयाँ अनुमान गरेको छ। यस्तै, राजस्व बाँडफाँडबाट १२ करोड ७७ लाख रुपैयाँ प्राप्त हुने अनुमान गाउँपालिकाको छ। आन्तरिक राजस्व ६ करोड ४४ लाख रुपैयाँ र अन्य आय ७ करोड रुपैयाँ हुने पालिकाले अनुमान गरेको छ।

गाउँपालिकाले आगामी आर्थिक वर्षमा खडेरीबाट प्रभावित किसानलाई क्षतिपूर्ति दिनेगरी रैथानेबाली उत्पादन गर्न नगद अनुदान दिने भएको छ। यसैगरी महिला तथा युवालाई उद्यमशीलता अनुदान दिनेगरी बजेटमा व्यवस्था गरेको जनाएको छ।

# टिप्परको ठक्करबाट कपालीको मृत्यु

समाज संवाददाता

हेटौंडाः टिप्परको ठक्करबाट एक युवकको मृत्यु भएको छ। शनिबार साँझ हेटौंडा-१, चौकिटोलमा बुद्धचोकबाट भैंसेतर्फ जाँदै गरेको प्रदेश ३-००१-ख ०८५१ नम्बरको टिप्परले विपरित दिशाबाट आउँदै गरेको बा प्र ०३-००२ प ९०४४ नम्बरको स्कुटर र बा ६३ प ३१२० नम्बरको मोटरसाइकललाई ठक्कर दिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ।

टिप्परको ठक्करबाट स्कुटरमा पछाडी सवार जरुवाटोल बस्ने २५ वर्षीय सुमित कपालीको मृत्यु भएको प्रहरीले जाएको छ। दुर्घटनामा परी गम्भीर घाइते भएका कपालीलाई उपचारका लागि जिल्ला अस्पतालमा हेटौंडा अस्पताल लगिएकोमा उपचारको क्रममा मृत्यु भएको हो। दुर्घटनामा परी स्कुटर चालक हेटौंडा-१०, राप्तिरोड का २४ वर्षीय नितेश श्रेष्ठ, मोटरसाइकल चालक ३० वर्षीय सुजन श्रेष्ठ र मोटरसाइकलमा सवार २४ वर्षीय सुरज बानियाँ घाइते भएका छन्। ठक्कर दिने टिप्पर र चालक मकवानपुरगढी गाउँपालिका-३, देवीडाँडाको भित्री सडक खण्डमा पार्किङ गरी राखेको अवस्थामा फेला पारी प्रहरीले नियन्त्रणमा लिएको छ। घाईतेहरु उपचारपछि डिस्जार्च भइसकेको प्रहरीले जनाएको छ।


## कोषको हेटौडा स्थित पुरानो भवन भत्काउँदा निस्केका सामानहरुको लिलाम बिक्रि गर्नका लागि कर्मचारी सञ्चय कोष शाखा कार्यालय हेटौडाको सिलवन्दी बोलपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति २०८०/०३/११)

हेटौडा उप-महानगरपालिका-४, हुप्र चौरस्थित कर्मचारी सञ्चय कोष शाखा कार्यालय हेटौडाको पुरानो भवन भत्काउँदा निस्केका सामानहरु स्टिल रड, आल्मुनियम ढोका, आल्मुनियमको झ्याल, काठको झ्याल ढोकाको चौकोस, काठको झ्याल ढोका, ट्रसको फलाम, झ्यालमा रहेका फलामे ग्रिल, २८ गेजको CGI सिट र फलामको गेट, गार्ड पोष्ट, फाईबर जस्ता आदि सामानहरु सिलबन्दी बोलपत्रको माध्यमवाट लिलाम बिक्री गर्नुपर्ने भएकोले खरिद गर्न इच्छुक ब्यक्ति/फर्म/कम्पनीले यो सुचना प्रकाशित भएको मितिले २१(एक्काईस) दिन भित्र कोषको हेटौडास्थित शाखा कार्यालयबाट बोलपत्र खरिद गरि पेश गर्नहुन सूचित गरिन्छ। साथै यो सुचनाको विस्तृत विवरण कोषको हेटौडा स्थित कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ र कोषको website www.epf.org.np मा समेत हेर्न सकिनेछ।

**कर्मचारी सञ्चय कोष**
**शाखा कार्यालय, हेटौडा**
**फोन नं. ०५७-५२४३७७**



## घर भाडामा लिने सम्बन्धी सूचना

यस कार्यालयको प्रयोजनको लागि निम्नानुसारको भवन भाडामा लिनुपर्ने भएकोले इच्छुक घरधनीहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र नेपाली नागरिकताको प्रमाणपत्र, जग्गाधनी प्रमाणपूर्जा, घर निर्माण सम्पन्न प्रमाणपत्र, आ.व. २०७९/८० को एकिकृत सम्पत्ति कर तिरेको रसिद र घरको नक्सा सहितका कागजातहरुको प्रतिलिपि संलग्न राखी भाडामा दिन कबोल गरेको र कम (अङ्क र अक्षर) मा स्पष्ट बुझिने गरी लेखी यस कार्यालयमा खामबन्दी गरी कार्यालय समय भित्र निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छः

१. भाडामा लिने घर हेटौडा उपमहानगरपालिका भित्र पर्ने राष्ट्रिय राजमार्गसँग जोडिएको वा बढिमा २०० मिटर भित्रसम्म, भारी सवारी विना अवरोध आउन-जान सक्ने बाटो भएको, कम्तीमा ३ कट्ठा जग्गामा बनेको घरमा कम्पाउण्ड घेरिएको र गाडी पार्किङ्गको पर्याप्त सुविधा भएको हुनुपर्ने।
२. भाडामा लिने घरमा कम्तीमा १५ वटा कोठा सहित शौचालय तथा विद्युत र पानीको पर्याप्त सुविधा भएको हुनुपर्ने।
३. कार्यालयमा आवत-जावत हुने सवारी तथा सेवाग्राहीले पार्न सक्ने असर कम गर्न विद्यालय वा घनाबस्ती भन्दा टाढा रहेको।
४. रितपूर्वक दर्ता हुन नआएको वा म्याद नाघि आएको दरखास्त उपर कुनै कारवाही हुने छैन।
५. घर भाडा रकममा नियमानुसार कर कट्टी गरी भुक्तानी गरिनेछ।
६. घर भाडामा लिने/नलिने सम्पूर्ण अधिकार यस कार्यालयमा हुनेछ।

**यातायात व्यवस्था कार्यालय, हेटौंडा**



## हेटौंडा कृषि बजार

**हेटौंडा-४, मेनरोड**

सूचना सूचना सूचना

यहि मिति २०८० साल असार ५ गतेबाट यस **त्रिवेणी भेजिटेबल मार्ट प्रा.लि** द्वारा संचालित हेटौंडा कृषि तरकारी बजार संचालन हुन गइरहेको छ।




**सेवाहरु**
- एकै ठाउँमा सबै किसिमका खाद्यान्न सामाग्रीहरु जस्तैः स्वच्छ ताजा तरकारी, फलफूल, जुस।
- दूध, दही लगायत दूधबाट बन्ने सबै किसिमका परिकारहरु।
- खसी, कुखुरा तथा राँगाको मासु स्वच्छ तथा सफा वातावरणमा पाइने।
- पर्याप्त पार्किङ्गको व्यवस्था भएको साथै मेनरोड र नारायणी मल सँगै जोडिएको र आवजावतको सजिलो व्यवस्था भएको
- सेकुरिटी गार्ड सहित सिसि क्यामराद्धारा निगरानी गरिने।

(**नोट**: यस मार्टमा केही स्टल खाली भएकोले इच्छुक महानुभावले तुरुन्त सम्पर्क गरी आफ्नो स्टल सुरक्षित राख्नुहोला।)

**सम्पर्क**: ९८०२६५३९०७,९७४१६८०१८७,९८४१२१७२७९







## गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला

**QRL (Qualified Reference Lab)**

हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्करलगायत प्रयोगशाला सेवा रहेका छन्। हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि।



**सम्पर्क**
०५७-५९०९७७
QRL (Qualified Reference Lab)
हेटौँडा-१, ब्लडबैंकअगाडि



## स्वादिष्ट नेवारी खाजा




अब होटल बासुकला (फास्टफुड) मा

- स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं।
- नेवारी खाजा सेट, मःम, चाउमिन, बारा, योमरी लगायतका खाजा खान हार्दिक स्वागत गर्दछौं।

होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं।

०५७-५२६०१३



## डेस्कटप डिजाइनर चाहियो

हेटौँडा-२, मानसचोकस्थित एक डेस्कटप सेवा सञ्चालन गर्दै आएको कम्पनिलाई डेस्कटप डिजाइनर आवश्यक भएकोले इच्छुक योग्य व्यक्तिले तुरुन्त सम्पर्क राख्नुहोला। फोटोशप चलाउन जान्ने। दश जोड दुई तह अध्ययनरत विद्यार्थीलाई प्राथमिकता दिइनेछ।



**तलब**: आपसी समझदारीमा तय गरिनेछ। सम्पर्क: ९८४८७०८७८०

# हेटौंडामा २ सय ३७ दिन विद्यालय खुल्ने

जमुना थिङ

हेटौंडाः चालु शैक्षिक सत्र २०८० मा हेटौंडा उपमहानगरपालिका क्षेत्रका विद्यालयहरु २ सय ३७ दिन खुल्ने भएका छन्। उपमहानगरपालिकाको शिक्षा विकास महाशाखाले निर्माण गरेको शैक्षिक सत्र–२०८० को शैक्षिक क्यालेन्डरअनुसार हेटौंडाका विद्यालयहरु २ सय ३७ दिने खुल्ने भएका हुन् ।

शैक्षिक क्यालेन्डरको आधारमा चालु शैक्षिक सत्रका कार्यक्रम सञ्चालन हुने हेटौंडा उपमहानगरपालिकाको शिक्षा विकास महाशाखा प्रमुख गंगाधर रिमालले जानकारी दिनुभयो। चालु शैक्षिक सत्रमा हेटौंडाका विद्यालयहरु २ सय ३७ दिन खुले पनि २ सय एक दिनमात्र पठनपाठनको कार्य हुनेछ । शैक्षिक सत्रमा २१ दिन परीक्षा हुने उहाँले जानकारी दिनुभयो।

पहिलो त्रैमासिक परीक्षाअघि ७१ दिन पठनपाठन हुने, पहिलो त्रैमासिकदेखि अर्धवार्षिक परीक्षासम्म ७८ दिन पठनपाठन हुने र अर्धवार्षिक परीक्षादेखि वार्षिक परीक्षासम्म ५२ दिन पठनपाठन हुने रिमालले बताउनुभयो । गत वैशाख ३ देखि ८ गतेसम्म भर्ना अभियान, पाठ्यपुस्तक वितरण भएको र १० गतेदेखि पठनपाठन सुरु गरिएको थियो। वैशाख २० गतेदेखि ३१ गतेसम्म विद्यालय बाहिर रहेका भर्ना हुन बाँकी बालबालिकाका लागि घरदैलो अभियान सञ्चालन गरिएको थियो।

उपमहानगरपालिकाले शैक्षिक क्यालेन्डरमा प्रत्येक महिना विभिन्न शैक्षिक तथा अतिरिक्त क्रियाकलाप समावेश गरेको छ। गत वैशाख २९ गते तोकिएका विद्यालयमा शैक्षिक सामग्री प्रदर्शनी र नगरस्तरीय प्रतियोगिता राखिएको थियो। यस्तै, जेठ ५ गते अंग्रेजी हिज्जे प्रतियोगिता (कक्षा ९–१२), १२ गते अंग्रेजी हिज्जे प्रतियोगिता (कक्षा १–५), १९ गते नेपाली वर्णविन्यास तथा हिज्जे प्रतियोगिता (कक्षा १–८) लाई क्यालेन्डरमा राखिएको छ। जेठ २६ गतेलाई विद्यालय कम्पाउण्डमा वृक्षरोपण, छात्रवृत्ति वितरण गरी छात्रवृत्ति दिवस मनाउने कार्यक्रम राखिएको छ।

असार १ गते नेपाली हिज्जे प्रतियोगिता (कक्षा १–५), अंग्रेजी हिज्जे प्रतियोगिता (कक्षा ६–८), ८ गते वक्तृत्वकला प्रतियोगिता (कक्षा ९–१२) लाई क्यालेन्डरमा राखिएको छ। असार १५ गते घैंटो फुटाइ प्रतियोगिता र नगरस्तरीय कार्यक्रम रहेको छ। यस्तै, नेपाली हिज्जे प्रतियोगिता (कक्षा १–५), अंग्रेजी हिज्जे प्रतियोगिता (कक्षा ६–८), वक्तृत्वकला प्रतियोगिता (कक्षा ९–१२) तोकिएको विद्यालयमा हुनेछ।

साउनको २ गतेदेखि ९ गतेसम्म पहिलो त्रैमासिक परीक्षा हुनेछ भने १० गतेदेखि ३२ गतेसम्म (२३ दिन) वर्षे बिदा हुनेछ। भदौ ८ गते गीत, नृत्य प्रतियोगिता (कक्षा १–५), १५ र ३१ गते (२ दिन) वर्षे बिदा, २२ गते विज्ञान प्रदर्शनी (कक्षा १–१२), २९ गते बाल दिवस, नृत्य तथा गायन प्रतियोगिता (कक्षा ६–१२) र नगरस्तरीय अतिरिक्त क्रियाकलाप हुने क्यालेन्डरमा उल्लेख छ। असोज २ गते वर्षे बिदा, ५ गते वक्तृत्वकला प्रतियोगिता (कक्षा ९–१२), १२ गते हाजिरीजवाफ प्रतियोगिता (कक्षा ६–८) र २६ गते दशैं विशेष कार्यक्रमलाई क्यालेन्डरमा समावेश गरिएको छ।

कार्तिक १२ गतेदेखि २४ गते (१३ दिन) वर्षे बिदा, मंसिर १ गते वर्षे बिदा, ४ गतेदेखि ८ गतेसम्म खेलकुद सप्ताह (राष्ट्रपति रनिङशिल्ड तयारी), १५ गते चित्रकला प्रतियोगिता (कक्षा १–८), २२ गते हाजिरीजवाफ प्रतियोगिता (कक्षा ९–१२), २९ गते कविता प्रतियोगिता (कक्षा १–१२) र नगरस्तरीय कार्यक्रम रहेको छ। पुस ८ र २९ गते (२ दिन) वर्षे बिदा, १९ गतेदेखि २६ गतेसम्म अर्धवार्षिक परीक्षा र राष्ट्रपति रनिङशिल्ड छनौट प्रतियोगिता हुनेछ।

माघ ५ गते म्युजिकल चियर प्रतियोगिता (कक्षा १–५), १२ गते हस्तलेखन प्रतियोगिता (कक्षा ६–८), १९ गते कविता प्रतियोगिता (कक्षा ६–८), निबन्ध प्रतियोगिता (कक्षा ९–१२), २६ गते हाजिरीजवाफ प्रतियोगिता (कक्षा ६–१२) र नगरस्तरीय अतिरिक्त क्रियाकलाप रहेको छ। फागुन ६ र २७ गते (२ दिन) वर्षे बिदा, चैत १३ गतेदेखि २० गतेसम्म वार्षिक परीक्षा, २१ गतेदेखि २९ गतेसम्म उत्तरपुस्तिका परीक्षण, नतिजा प्रकाशनको तयारी, वार्षिक कार्ययोजना निर्माण र ३० गते नतिजा प्रकाशन गरिने क्यालेन्डरमा उल्लेख गरिएको छ।

# दोस्रो विजय युथ गोल्डकपमा आयोजक क्लब सेमिफाइनलमा

समाज संवाददाता

हेटौंडाः हेटौंडामा जारी दोस्रो विजय युथ गोल्डकप फुटबल प्रतियोगितामा आयोजक क्लब सेमिफाइनल प्रवेश गरेको छ । आइतबार भएको क्वाटरफाइनल खेलमा बागमती प्रदेश प्रहरी गणलाई हराउँदै आयोजक एफसी विजय युथ क्लब सेमिफाइनल प्रवेश गरेको हो ।

हेटौंडा–५ स्थित पिप्ले–क्याम्पा रंगशालामा भएको पहिलो क्वाटरफाइनल खेलमा एफसी विजय युथले बागमती प्रदेश प्रदेश प्रहरी गणलाई १–० गोल अन्तरले पराजित गरेको छ। एफसी विजय युथको तर्फबाट पहिलो हाफको २० औं मनेटमा आश गुरुङले १ गोल गरेका थिए। बागमती प्रदेश प्रदेश प्रहरी गणको तर्फबाट निर्धारित समयभित्र गोल भएन। खेलको म्यान अफ द म्याच एफसी विजय युथका आश गुरुङ भए।

आइतबारकै दोस्रो क्वाटरफाइन खेल समय अभावले पूरा हुन पाएन । ढल्के जोवन एफसी र हेटौंडा फुटबल एकेडेमी 'ए'बीच खेल अपूरो रहेको हो । फुटबल एकेडेमी टिमले पहिलो हाफमै २ गोल गर्दै टिमलाई अग्रता दिलाएका थिए । ढल्के जोवनको टिमले गोल गर्न सकेको थिएन। समय अभावका कारण बाँकी अवधिको खेल सोमबार विहान ८ बजे खेलाइने आयोजक सुदिप राजबाहकले जानकारी दिनुभयो । हेटौंडा फुटबल एकेडेमीको तर्फबाट ८ औं मिनेटमा दिवस श्रेष्ठले गोल गरेका थिए भने ३७ औं मिनेटमा मिलन सन्तालले गोल गरेका थिए।

# बकैयाले गऱ्यो खेलाडीलाई सम्मान



समाज संवाददाता

हेटौंडाः मकवानपुरको बकैया गाउँपालिकाले १३ औं राष्ट्रपति रनिङशिल्ड राष्ट्रिय प्रतियोगिता र दोस्रो बागमती प्रदेश खेलकुद प्रतियोगितामा पदक विजेता खेलाडीहरुलाई सम्मान गरेको छ । आइतबार गाउँसभाको अवसरमा पालिकाका १२ जना खेलाडीलाई सम्मान गरिएको बकैया खेलकुद विकास समितिका अध्यक्ष विजय लामा थिङले जानकारी दिनुभयो।

सम्मानित हुनेमा एथलेटिक्सतर्फ आयुष नेगी, सुमन योञ्जन, सुजन राई, जिकेश सापकोटा, सन्तोष गौतम र पाण्डब राई रहेका छन्। यस्तै, फुटबल खेलाडीहरु सुजन गुरुङ र अभिषेक भोलन रहेका छन् । कबड्डी खेलाडी रोमन घलान, कराँते खेलाडी राज भोलन र दीक्षा कार्की सम्मानित भएका छन्।

एथलेटिक्स प्रशिक्षक भरतप्रसाद सापकोटालाई पनि सम्मान गरिएको छ। १२ जनालाई नगद ३ हजार रुपैयाँ र प्रमाणपत्रसहित सम्मान गरिएको हो । प्रतियोगिताहरुमा पदक विजेता खेलाडीहरुलाई हौसला प्रदान होस् भनेर सम्मान गरिएको अध्यक्ष थिङले बताउनुभयो । बकैयाँ गाउँपालिकाका अध्यक्ष धर्मराज लामिछाने, उपाध्यक्ष भक्तबहादुर खत्री, प्रमुख प्रशासकीय अधिकृत र वडाध्यक्षहरुको उपस्थितिमा खेलाडीहरुलाई सम्मान गरिएको हो।

बकैया खेलकुद विकास समितिलाई पालिकाबाट आगामी आर्थिक वर्ष २०८०/०८१ का लागि ३५ लाख रुपैयाँ बजेट विनियोजन भएको अध्यक्ष थिङले बताउनुभयो । आगामी आर्थिक वर्षमा बकैया–६ स्थित जुइना खेलमैदानलाई क्रिकेट रंगशालाको रुपमा विकास गरिने अध्यक्ष थिङले बताउनुभयो ।

जिल्लामै अहिले कुनै क्रिकेट रंगशाला नभएको अवस्थामा पालिकाले बकैयामा क्रिकेट रंगशाला निर्माण गर्ने उहाँले बताउनुभयो। यस्तै, बकैया फुटबल कपलाई निरन्तरता दिने, भलिबल, क्रिकेट, कराँते र ब्याडमिन्टनका प्रतियोगिता आयोजना गरिने भएको छ।

# रास्वपा मनहरी–६ को सभापतिमा थिङ

समाज संवाददाता

हेटौंडाः राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को मनहरी गाउँपालिका ६ नम्बर वडाको सभापतिमा सन्त थिङ चयन हुनुभएको छ । आइतबार रास्वपाका मकवानपुरका जिल्ला सभापति भरत पराजुलीको प्रमुख आतिथ्य तथा गाउँपालिका सभापति गोविन्द सापकोटाको सभाध्यक्षतामा वडा समिति चयन भएको हो।

समितिको उपसभापतिमा सानुमाया मोक्तान र सचिवमा शिखर मुक्तान चयन हुनुभएको छ । सदस्यहरुमा दीपक शाही, कृष्ण घिसिङ, रुद्रप्रसाद शर्मा, मोहन सिं, कुमार मोक्तान र निशा शर्मा चयन हुनुभएको छ । सल्लाहकारमा रुद्रप्रसाद वाग्ले रहनुभएको छ।

रास्वपा मकवानपुरमा संगठन विस्तारमा अग्रसर हुँदै गएको छ । रास्वपाले थाहा नगरपालिका, कैलाश गाउँपालिका र इन्द्रसरोबर गाउँपालिकामा संगठन विस्तारको कार्य बाँकी रहेको जनाएको छ।

# बकैयामा चट्याङ लागेर ब्लोनको मृत्यु

समाज संवाददाता

हेटौंडाः मकवानपुरको बकैया गाउँपालिका–९, देउबुजेमा चट्याङ लागेर एक पुरुषको मृत्यु भएको छ। मृत्यु हुनेमा शिखरपुरका ३२ वर्षीय नवीन ब्लोन रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ।

ब्लोनलाई आइतबार दिउँसो ४ बजेको समयमा चट्याङ लागेको हो । ब्लोन देउजु मामाको घरबाहिर बसेको ठाउँमा चट्याङ लागेको थियो। चट्याङ लागेर ब्लोनको घट्नास्थलमा नै मृत्यु भएको प्रहरीले जनाएको छ।

# सुनकोशी किनारमा शेर्पाको शव फेला

समाज संवाददाता

हेटौंडाः सिन्धुपाल्चोक जिल्लाको सुनकोशी नदी किनारमा एक पुरुषको शव फेला परेको छ। शव चौतारा साँगाचोकगढी नगरपालिका–१२, चेहेरेमा फेला परेको प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ।

शव भोटेकोशी गाउँपालिका–१, छगाम बस्ने ४५ वर्षीय मेयसुङ शेर्पाको रहेको प्रहरीले जनाएको छ। शेर्पाको मानसिक सन्तुलन ठिक नभएको र ८ गतेबाट हराएका थिए।

समृद्ध समाज
राष्ट्रिय दैनिक
www.samriddhasamaj.com.np

# शिक्षक भलिबलको उपाधि जीएसलाई




*कमाने एकेडेमी र जनप्रिय माविबीचको खेल । फाइल तस्वीर ।*

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिकाको शिक्षा महाशाखाले आयोजना गरेको शिक्षक भलिबल प्रतियोगिताको उपाधि जीएस निकेतनले जितेको छ । आइतबार हेटौंडा–४, हुप्रचौरस्थित भलिबल कोर्टमा भएको फाइनल खेलमा नवोदय शिशु सदनलाई ३–० को सोझो सेटले पराजित गर्दै जीएसले उपाधि जितेको हो।

जीएसले नवोदयलाई क्रमशः २५–१६, २५–११ र २५–१८ सेटले हराएको हो। जीतसँगै जीएसले ३० हजार नगदसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ भने उपविजेताले नवोदयले २५ हजार रुपैयाँ पाएको छ।

प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी जीएसका भुवन थापा, उत्कृष्ट सेटर जीएसका विनोद श्रेष्ठ, ब्लकर जीएसकै अमृत मिश्र घोषित भए। यस्तै, उत्कृष्ट स्पाइकर नवोदयका मनजिन मोक्तान र उत्कृष्ट प्रशिक्षक जीएसका ईश्वरप्रसाद लामिछाने घोषित भए। विधागत उत्कृष्ट सबैले ३–३ हजार रुपैयाँ प्राप्त गरेका छन्।

हेटौंडा उपमहानगरपालिका शिक्षा विकास महाशाखाका प्रमुख गंगाधर रिमालको सभाध्यक्ष तथा जिल्ला खेलकुद विकास समिति मकवानपुरका अध्यक्ष वेश खड्कीको प्रमुख आतिथ्यमा पुरस्कार वितरण कार्यक्रम भएको हो।

# बालबिबाहविरुद्ध वक्तृत्वकलामा दुलाल प्रथम

समाज संवाददाता

हेटौंडाः हेटौंडा–१६ मा आयोजना भएको बालबिबाहविरुद्धको वक्तृत्वकला प्रतियोगिता सम्पन्न भएको छ। बालविवाह अन्त्यका लागि बालबालिकाको भूमिका विषयक वक्तृत्वकला प्रतियोगिता भएको हो।

प्रतियोतिगामा जनप्रिय माविको कक्षा ९ मा अध्ययनरत स्वर्णीमा दुलाल प्रथम भएकी छिन्। हेटौंडा उपमहानगरपालिकाले आगामी मंसिरसम्म बालमैत्री पालिका घोषणा गर्ने तयारीका क्रममा प्रतियोगिता आयोजना गरिएको हो।

प्रतियोगितामा जनप्रिय माविकै ९ कक्षामा अध्ययनरत एरिना चौलागाई द्वितीय र आवाज बालसमूह हेटौंडा १६ की रेजिना रसाइली तृतीय भएकी छिन् । लक्ष्मीनारायण बाल समूहकी पूजना न्यौपाने सान्त्वना भएकी छिन्।

प्रतियोगितामा १६ नम्बर वडाभित्रका १५ वटा बालसमूह तथा विद्यालयको सहभागिता रहेको वडा बालसञ्जाल सचिव उज्ज्वल कोइरालाले बताउनुभयो। हेटौंडा वडा नम्बर १६ का अध्यक्ष रामकृष्ण कोइरालाको प्रमुख आतिथ्य तथा बाल सञ्जाल समूहका अध्यक्ष प्रख्यातमान लोको अध्यक्षतामा कार्यक्रम भएको हो।

कार्यक्रममा जनप्रिय माविको व्यवस्थापन समिति सदस्य कृष्णप्रसाद पनेरु, जनप्रिय माविका अतिरिक्त क्रियाकलाप तथा सांस्कृतिक विभाग संयोजक युक्तलाल विश्वकर्मा, रेडरोज एकेडेमीका शिक्षक अप्सरा खतिवडालगायतको उपस्थिति रहेको थियो।

हेटौंडा रिफरेन्स ल्यावरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ।

Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ।
(HRL)
खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी,
हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

भू–क्षय न्यूनीकरणका उपाय अपनाऔं ।
- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
- घरभित्र वा वरिपरीको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
- भूकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं ।

भू–क्षयबाट बचौं र बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ